# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

**कम्पनीको व्यवसायिक कारोवार सञ्चालनको औपचारिक घोषणा सम्बन्धमा**

## अध्यक्षज्यूको संबोधन

नेपालमा विद्यमान जलसम्पदाको क्षमतालाई विकास गरि गहिरिदै गएको उर्जा संकटलाई निवारण गरी आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको औधोगिकरणलाई टेवा पुऱ्याउन मझौला तथा ठूला जलविद्युत आयोजनाहरुको निर्माण विना संभव नभएको र ठूला तथा मझौला विद्युत आयोजना निर्माण गर्न  प्रयाप्त पूँजी आवश्यक पर्ने भएकोले त्यस्तो पूँजी संकलन गरी परिचालन गर्ने उद्देश्यका साथ नेपाल सरकारले मिति २०६८।३।२२ मा छुट्टै कम्पनी स्थापना गरी आन्तरिक एवं वाह्यपूँजी संकलन तथा परिचालन गरी आयोजना निर्माण गर्न टेवा पुऱ्याउने उद्देश्यका साथ  यो कम्पनीको स्थापना भएको यहाहरु सवैलाई विदितै छ ।

राष्ट्रको आवश्यकता, चाहाना र राजनैतिक दृढ ईच्छाशक्तिवाट प्रेरित भई मिति २०६८।४।१०  मा सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनालवाट कम्पनी स्थापनाको विधिवत समुद्घाटन भएकोमा कम्पनी स्थापना पश्चात कम्पनी संचालनका लागि आवश्यक पर्ने नीति,निर्देशिका,विनियमावली एवं आवश्यक पूर्वाधार तयार गरी नेपाल राष्ट्र वैंकवाट कारोवार गर्न अनुमति समेत प्राप्त भएकोले आज मिति २०६९।४।१५ देखि कम्पनीले आफ्नो उद्देश्य अनुरुप व्यवसायिक कारोवारको थालनी गरेको जानकारी गराउन पाउँदा हामी गौरवान्वित छौं ।

कम्पनीको एक मात्र कार्यक्षेत्र जलविद्युत उत्पादन,वितरण तथा प्रशारण गर्ने आयोजनाहरुमा शेयर तथा ऋण लगानी गर्नु रहेको छ । सो प्रयोजनको लागि कम्पनीले आफ्नो शेयर पूँजीको अलावा वण्ड डिवेञ्चर लगायतका ऋणपत्र तथा सर्टिफिकेट अफ डिपोजिट जारी गरि दीर्घकालिन प्रकृतिको पूँजी संकलन गरि आयोजनाहरुमा परिचालन गर्ने र वैदेशिक दातृ निकाय, संघ संस्थाबाट ऋण तथा अनुदान प्राप्त गरि निजी एवं संगठित क्षेत्रमा ऋण प्रवाह गरि मझौला तथा ठूला जलविद्युत आयोजना निर्माण गर्नमा टेवा पुऱ्याउने लक्ष्य लिएको छ ।

कम्पनीले २५ मेगावाट वा सो भन्दा ठूला आयोजनामा सोझै तथा बैंक तथा वित्तीय संस्था मार्फत ऋण प्रवाह गर्ने नीतिगत व्यवस्था भए पनि सोझै ऋण लगानीको लागि कानूनी पूर्वाधार तयार भई

नसकेकोले प्रथम चरणमा बैंक तथा वित्तीय संस्थाको अगुवाईमा सहवित्तीयकरण प्रक्रिया अन्तर्गत ऋण लगानी गर्ने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि अनुरोध गर्दछु ।

कम्पनीमा आफ्नै प्राविधिक जनशक्तिको व्यवस्था भई नसकेको लगानीको लागि अनुभव हासिल गरी नसकेकोले हाललाई लगानीको लागि सीप, दक्षता र अनुभव हासिल गरिसकेका बैंक तथा वित्तीय संस्थाको अगुवाईमा सहभागी भई योगदान गर्न कम्पनी इच्छुक भएकोले सम्बन्धित सरोकारवाला, बैंक तथा वित्तीय संस्था तथा प्रवर्द्धकहरुलाई जानकारी गराउन चाहन्छु ।

कम्पनीलाई चुस्त, व्यवसायिक तथा उच्च दक्षतायुक्त जनशक्तिको माध्यमबाट संचालन गर्ने उद्देश्य रहेकोले व्यवसायिक निपुणता कै माध्यमबाट यो कम्पनीले सरकार, गैरसरकारी क्षेत्र एवं निजी क्षेत्रबीच पुलको रुपमा रही सहकार्य गर्ने अपेक्षा गरेको छ । साथै, अन्तर्राष्ट्रिय दातृ निकाय, द्विपक्षीय एवं बहुपक्षीय संघ संस्था तथा निकाय एवं गैर आवासीय नेपाली एवं विदेशी मित्रहरुलाई विद्युत विकासको लागि यसै संस्था मार्फत योगदान गर्न आह्वान गर्दछु ।

देशको आर्थिक विकासको लागि एकमात्र दिगो एवं भरपर्दो माध्यम जलविद्युत क्षेत्रको विकास भएकोले आम नागरिक समाज, समाजसेवी, उद्योगपति, निजी प्रवर्द्धक एवं गैरसरकारी क्षेत्र लगायत यस क्षेत्रमा योगदान पुऱ्याउन प्रतिबद्ध रहनु भएका सम्पूर्ण शुभेच्छुकहरुको संयुक्त प्रयास विना यस क्षेत्रको विकास संभव नभएकोले इमान्दारिताका साथ यस क्षेत्रको विकासमा लागि पर्न हार्दिक आह्वान गर्दछु ।

अन्तमा, यो कम्पनीलाई यो अवस्थासम्म रुपान्तरण गर्न सहयोग पुऱ्याउनु हुने शुभेच्छुक, संचालकहरु तथा कर्मचारी लगायत सबैमा धन्यवाद ज्ञापन गर्दछु । साथै कम्पनीको नीति निर्माणमा प्रत्यक्ष सहभागी भई सहयोग पुऱ्याउनुहुने लुम्बिनी बैंकका प्रमुख कार्यकारी अधिकृत लगायत उहाँका सहयोगी प्रति आभार व्यक्त गर्दछु । कम्पनीले व्यवसायिक कारोवार शुरु गरेको सुखद् उपलक्ष्यमा आयोजित यस कार्यक्रममा सहभागी सम्पूर्ण महानुभाव एवं पत्रकार मित्र प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।